नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फ ४- २२३५८० २६२६९६ २६१७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

पत्र संख्या:- ०७५/०७६
चलानी नं.-

रामशाहपथ
काठमाण्डौ, नेपाल

मिति : २०७५।९।२५

विषय: विज्ञप्ती ।

सरकारी चिकित्सक संघको आह्‍वानमा सरकारी अस्पतालहरुमा चिकित्सकहरुबाट भइरहेको आन्दोलनका कार्यक्रमहरुप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । संघले उठाएका मागहरुलाई लिएर यस मन्त्रालय र संघबीच पटक पटक भएको वार्ताका अधिकांस बुँदाहरुलाई नेपाल सरकारले ग्रहण गरी वृत्ति विकाससँग जोडिएका सबै विषयलाई प्रस्तावित संघीय निजामती सेवा ऐनको विधेयकमा समावेश गरिसकेको व्यहोरा सम्पूर्ण चिकित्सक र आम नागरिकहरुलाई जानकारी गराउन चाहन्छौ ।

संघियता कार्यन्वयनको सन्दर्भमा सबै चिकित्सकहरुलाई संघ अन्तर्गत नै समायोजन गर्न सकिने अवस्था नरहेको स्वत: सिद्ध छ । नेपालको संविधान बमोजिम विगतमा केन्द्रीकृत अधिकार, संगठन र साधन स्रोत प्रदेश र स्थानीय तहलाई समेत हस्तान्तरण भइरहेको छ । यसै अनुरुप सबै निजामती कर्मचारीहरुलाई तीनै तहमा समायोजन ऐन २०७५ बमोजिम समायोजन गर्ने कार्य भएको हो । स्वास्थ्य सेवामा सबैको पहुँच सहज सुलभ बनाउने संविधानको उद्धेश्य अनुरुप काठमाण्डौ उपत्यका र केही ठूला शहरहरुमा केन्द्रीत स्वास्थ्य सेवालाई ७ प्रदेश र ७५३ स्थानीय तहमा पुर्‍याउनु अत्यावश्यक छ । यसकालागि नै चिकित्सकहरुको पनि समायोजन जरुरी भएको हो ।

अत: स्वास्थ्य सेवा पाउने नागरिकको अधिकारलाई नै कुण्ठित गर्ने गरी चिकित्सकहरुबाट भएको आन्दोलन आजकै मितिदेखि फिर्ता लिन सरकारी चिकित्सक संघलाई मन्त्रालय हार्दिक अपिल गर्दछ । आम नेपालीले तिरेको करबाट ठूलो धनराशी खर्च गरी उत्पादन गरिएका चिकित्सकहरुले नेपाली नागरिकले संविधानत: पाउनु पर्ने स्वास्थ्य सेवालाई सुचारु गर्नु परम कर्तव्य भएको स्मरण गराउँदछौ । यदि मन्त्रालयको यस अपिललाई वेवास्ता गरी आन्दोलन जारी राखेमा आवश्यक सेवा संचालन ऐन, २०१४ र अन्य प्रचलित कानूनको अधिनमा रही कारवाही प्रक्रिया अघि बढाउन नेपाल सरकार बाध्य हुने व्यहोरा जानकारी गराईन्छ । यसबाट चिकित्सकहरुलाई पर्न जाने असरको जिम्मेवारी आन्दोलनकर्ता चिकित्सकहरु नै हुने व्यहोरा समेत अवगत गराईन्छ ।

२०७५।९।२५

(जनार्दन गुरागाईं)
सह-सचिव